**श्री सर्वोच्च अदालत**

**Dual Backup System 60KVA UPS खरिद सम्बन्धि**

**बोलपत्र/e-bidding आव्हानको सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०७५।०१।०७)*

यस अदालतको लागि आवश्यक भएको Dual Backup System 60KVA UPS बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले e-bidding /e-submission समेतको लागि यो सूचना प्रकासित गरिएको छ। देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरूबाट **शिलबन्दी बोलपत्र वा e-bidding/e-submission** बाट समेत पेश गर्न सकिने छ।

१. शिलबन्दि वा e-bidding/e-submission बोलपत्रको माध्यमबाट भाग लिन चाहने बोलपत्रदाताहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्र कागजातको प्रतिलिपिहरू समेत राखी निवेदन पेश गरेमा यस अदालतको भण्डार शाखाबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ। बोलपत्र फारामहरू ३० दिन भित्र खरिद गरि ३१ औं दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस अदालतमा खोलिने छ।

२. e-bidding/e-submission मा भाग लिने बोलपत्र दाताहरूको लागि यस अदालतले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo बाट Dual Backup System 60KVA UPS खरिद सम्बन्धी e-bidding /e-submission को कार्य गरिने छ। उक्त web मा Logon गरि प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले Dual Backup System 60KVA UPS खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्ने छ।

३. कारणवस बोलपत्र विक्रि, दर्ता गर्ने वा खोल्ने दिन बिदा परेमा बिदापछि अड्डा खुलेको दिनमा क्रमशः सोही समयमा बोलपत्र विक्रि, दर्ता वा खोल्ने समेतको कार्य गरिनेछ।

४. e-bidding /e-submission मा भाग लिने बोलपत्र दाताले नेपाल राष्ट्र वैंक, थापाथली स्थित देहाय अनुसारको राजश्व खातामा सूचनामा उल्लेखित बोलपत्र वापतको रकम तीसौं दिन भित्र दाखिला गरेको भौचर, कारोवार दर्ता, मू.अ.क. तथा आयकर दर्ता प्रमाणपत्र, सप्लाई गरिने Dual Backup System 60KVA UPS विक्री गर्न सम्बन्धीत निर्माता कम्पनी बाट प्राप्त प्रमाणपत्रहरूको Scanning Copy समेत राखि एकतिसौं दिन दिनको १२:०० बजे भित्र उल्लेखित Web मा e-submission गरि सक्नु पर्ने छ।

**राजस्व बापत दाखिला गर्नुपर्नेः-**

- **वैंकको नाम :** नेपाल राष्ट्र वैंक, थापाथली, काठमाडौं।
- **रकम दाखिला हुने कार्यालयको नाम :** सर्वोच्च अदालत।
- **कार्यालय कोड नं.:** २७-२०४-०६
- **खाता नं. :** क-१-१-९९९
- **राजस्व शिर्षक नं.:** १४२२७

५. बोलपत्रदाताले दिने Dual Backup System 60KVA UPS को मूल्य मुल्य अभिवृद्धि कर बाहेकको रकम बोलपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत सूचनामा उल्लेखित रकम को.ले.नि.का.समन्वय कार्यालय बबरमहलको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको वैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त वैंकको विड वण्ड (वैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरूको Web मा Scanning Copy वा सिलवन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ। शिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.व. २०७४/०७५ को लागि सप्लाइ गर्ने Dual Backup

System 60KVA UPS को व्यहोरा सहित सिलबन्दि खाममा पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।

६. बोलपत्रदाता आधिकारिक सोल एजेण्ट तथा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैंले एजेन्सी सम्बन्धि वा डिलरशीप सम्बन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ । साथै व्यवसाय दर्ता इजाजत पत्रको प्रति समेत बोलपत्र फाराम साथ संलग्न गरेको हुनुपर्नेछ ।

७. बोलपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. सिलबन्दी बोलपत्र वा e-bidding /e-submission मा भाग लिने बोलपत्र दाताहरूले बोलपत्र साथ आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र साथ पेश गरिएका सम्बन्धित प्रमाण पत्रहरू संलग्न गर्नुपर्नेछ । e-bidder ले Scanning Copy राख्नु पर्नेछ ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा स्वः घोषणा पेश गर्नु पर्ने छ ।

१०. प्राप्त बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

११. दर्ता भएका बोलपत्रहरूमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरूबाट मात्र छनोट गरिनेछ ।

१२. बोलपत्रका सर्त र सुचनाहरू राम्रोसँग अध्ययन गरि बोलपत्र फाराम भर्न हुन अनुरोध गरिन्छ ।

१३. यस सुचनामा र बोलपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा बोलपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।

१४. बोलपत्रसाथ पेश गरिने कागजातहरू सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ । e-bidding /e-submission मा भाग लिने बोलपत्रदाताहरूले बोलपत्र खोल्ने समयमा पेश गरिएको कागजपत्रहरूको सक्कल प्रती वा नोटरी बाट प्रमाणीत प्रति लिई आउनु पर्ने छ ।

१५. रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाधि पेश हुन आएको बोलपत्र तथा विद्युतिय बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१६. यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको भण्डार शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

## तपशिल

| बोलपत्र सुचना नं. | सप्लाइ गर्नु पर्ने सामान | संख्या | बोलपत्र फाराम . दस्तुर | न्यूनतम जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| ९/२०७४/७५ | Dual Power Backup System 60KVA UPS | १ | ३०००।- | २,५२,०००।- | E-Bidding समेत |